# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

## कल्याणपुर नगरपालिका
## सिरहा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७६।७७ मितिः २०७७।३।२६
च.नं. ४२९

श्री नगर प्रमुखज्यू,
कल्याणपुर नगरपालिका
सिरहा ।


**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७६।७७
च.नं १३३

मितिः २०७७३१४

श्री नगरप्रमुखज्यू,
कल्याणपुर नगरपालिका
सिरहा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले कल्याणपुर नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानुन र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ४ करोड ७९ लाख ५९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १७ लाख ४० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ करोड १५ लाख ३८ हजार र नियमित गर्नुपर्ने रु. २ करोड ४७ लाख ५ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।१८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया तथा प्रमाण पेश हुन नआएबाट सोही बमोजिम बेरुजु कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना १४ (चौध) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

कल्याणपुर नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अर्न्तगत १२ वडा रहेको ५७ नगरसभा सदस्य, ७६.८१ व.कि.मी. क्षेत्रफल, ४९,२८८ जनसंख्या र २ नं प्रदेशमा अवस्थित छ ।

**१. स्थानीय संचितकोष** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | रकम | सि.नं. | व्ययतर्फ | रकम |
|---|---|---|---|---|---|
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | २८४५७४१२३.३६ |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | १५६६०५८२२.९९ |
| | ख) बैंक | ७९७८२१७४.८७ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० |
| २ | **राजस्व** (आन्तरिक आय) | ० | | क) ऋण भुक्तानी | ० |
| | क) आन्तरिक राजस्व | ५९४१८४८.५० | | ख) ब्याज भुक्तानी | ० |
| | ख) राजस्व बाँडफाँड | ७३२२४७१८.८० | | ग) अन्य भुक्तानी | ० |
| | ग) अन्य आय | ० | ४ | **लगानी** | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | ० | | ऋण लगानी | ० |
| | क)वित्तीय समानीकरण अनुदान | २८२८९७००० | | शेयर लगानी | ० |
| | ख) सशर्त अनुदान | ० | | अन्य लगानी | ० |
| | ग) समपूरक अनुदान | ० | ५ | **धरौटी फिर्ता** | १९४७२७५.०० |
| | घ) विशेष अनुदान | ० | ६ | **कोष खर्च** | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | ७ | **मौज्दात** | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ३३०००००.०० | | क) नगद मौज्दात | ० |
| | ख) सशर्त अनुदान | ० | | ख) बैंक मौज्दात | ८९३१४९२४.७२ |
| | ग) समपूरक अनुदान | ० | | | ० |
| | घ) विशेष अनुदान | ३१८२०००.०० | | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ४३४३०७८.०० | | | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | | | ० |
| | क) ऋण प्राप्ति | ० | | | ० |
| | ख) साँवा प्राप्ति | ० | | | ० |
| | ग) ब्याज प्राप्ति | ० | | | ० |
| | घ) अन्य प्राप्ति | ० | | | ० |
| ६ | **विभिन्न कोषतर्फको आय** | ७६४७८०००.०० | | | ० |
| ८ | **सा.सु.फिर्ता** | २१७५१३४.०० | | | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ० | | | ० |
| १० | **धरौटी आय** | ० | | | ० |
| ११ | **लगानीको साँवा फिर्ता** | ० | | | ० |
| १२ | **अन्य विविध आय** | १११८१९१.९० | | | ० |
| | **जम्मा** | **५३२४४२१४६.०७** | | **जम्मा** | **५३२४४२१४६.०७** |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

लेखापरीक्षण गर्दा देखिएका व्यहोरा  निम्नअनुसार रहेका छन् :

**लेखापरीक्षणको क्रममा कर कट्टि नगरेको रु. ३५,०९७०० असूल भै राजस्व दाखिला भएको छ ।**

१. **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. २ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार यस नगरपालिकाले देहाय बमोजिम मासिक रु. ८ लाखले वार्षिक रु. ९६ लाख सुविधावापत भुक्तानी भएको छ ।

| विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख | वडाअध्यक्ष १२ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ४२ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३५,००० | ३१,००० | २,६४,००० | १,७६,००० | २,९४,००० | ८,००,००० |

२. **कानून तथा कार्यविधि निर्माण सम्वन्धमाः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(३) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्ने व्यवस्था र १०२(५) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित नगरे सम्म लागु नहुने व्यवस्था रहेको छ । यस नगरपालिकाले कुनै पनि ऐन नियम पारित तथा राजपत्रमा प्रकाशन गरेको देखिएन ।

३. **राजश्वको अनुमानमा र वास्तविक असुली विवरण** : नगरपालिकाले यस वर्ष आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत रु.१ करोड ४६ लाख ३० हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु. ५९  लाख ४२ हजार मात्र निम्नानुसार आय भएकोले अनुमानको तुलनामा ४०.६१ प्रतिशत घटी आय प्राप्त गरेको छ ।

| क्र.सं. | राजश्व शिर्षक | खुद प्राप्त रकम |
|---|---|---|
| १ | आन्तरिक राजस्व | ५९४१,८४८।०० |

४. **वडास्तरिय योजना** : निम्नानुसार चालु तथा पुँजिगतबाट २४१ वटा योजनाको वाँडफाँड देहाय अनुसार गरिएको छ ।

| वडा न. | कार्यक्रमको नाम | | | | | |
|---|---|---|---|---|---|---|
| | आर्थिक विकास | सामाजिक विकास | पुर्वाधार विकास | वातावरण, विपद | संस्थागत विकास, सेवा प्रवाह, सुशासन | योजना संख्या |
| वडा न. १ | ० | ७ | ११ | २ | ४ | २४ |
| वडा न. २ | २ | ६ | ५ | १ | २ | १६ |
| वडा न. ३ | २ | ३ | ९ | ० | २ | १६ |
| वडा न. ४ | २ | ४ | ८ | १ | २ | १७ |
| वडा न. ५ | १ | ६ | ११ | २ | १ | २१ |
| वडा न. ६ | ० | ० | ० | ० | ० | ० |
| वडा न. ७ | ३ | ४ | ८ | २ | ५ | २२ |
| वडा न. ८ | २ | ५ | १० | १ | ३ | २१ |
| वडा न. ९ | ४ | ९ | ५ | २ | ३ | २३ |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा न. १० | ५ | ४ | १७ | ३ | २ | ३१ |
| वडा न. ११ | २ | २ | १० | ० | ४ | १८ |
| वडा न. १२ | ० | ५ | २५ | १ | ७ | ३२ |
| | माग तथा आवश्यकताको आधारमा सम्वोधन गरीएका योजनाहरु | | | | | |
| | | | | | जम्मा | २४१ |

५. **सम्पत्ति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने, नियम ५३(४) मा कार्यालयमा जिन्सी मालसामान सम्बन्धी अनियमितता देखिएमासम्बन्धित विभागीय प्रमुखले आवश्यक कारबाही गरी जिन्सी मालसामानको लगत राख्न, मर्मत, सम्भार तथा संरक्षण गर्न लगाउनु पर्ने व्यवस्था रहेको छ ।

यस पालिका कार्यालय तथा वडा कार्यालयहरुमा रहेका सम्पतिहरुको विवरण देहाय अनुसार छः

| क्र.सं. | सवारी साधन | खरिद संख्या |
|---|---|---|
| १ | जीप | १ |
| २ | डोजर | १ |
| ३ | टैक्टर | १ |
| ४ | मोटरसाइकल | २० |

६. **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानुन वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । सो को लिखित रुपमा कारवाही भएको देखिएन ।

७. **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आयव्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आयव्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाको उक्त कार्य मिति २०७५।६।२५ मा भएको पाइयो ।

८. **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न दफाहरुमा उल्लेख भएका व्यवस्था लगायत अन्य प्रचलित कानुनमा व्यवस्था भएका व्यहोराहरु कतिपय पालना नभएका र कतिपय दफाहरुमा उल्लेख भएका प्रावधानहरु आंशिक रुपमा पालना भएको देखियो । अतः पालना नभएका व्यवस्थाहरु र आंशिक रुपमा मात्र पालना भएका व्यवस्थाहरु सुधार गर्दै आगामी दिनहरुमा लागू गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखियो । आन्तरिक नियन्त्रण चुस्त बनाउन निम्न व्यहोराहरु पूर्ण रुपमा पालना गर्नु पर्ने देखिन्छ ।

(क) अधुरो योजना चालु वर्षको कार्यक्रमा सम्पूर्णतया समावेश गर्नु पर्ने ।
(ख) एकीकृत सम्पत्ति करको अभिलेख राख्ने व्यवस्था गर्नु पर्ने ।
(ग) कार्यालयको विगत वर्षदेखिको कुल बेरुजु देखिने गरी वार्षिक संक्षिप्त प्रतिवेदन (म.ले.प.फा.नं २११) तयार नगरेको ।
(घ) सामाजिक सुरक्षा भत्ता वितरण गर्दा MIS विवरण अद्यावधिक गर्नु पर्नेमा सो तयार गरेको देखिएन ।

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजु रकम रु |
|---|---|---|
| | (ङ) घरको नक्सा पास व्यवस्था सबैलाई अनिवार्य लागु गरी भवन निर्माण आचारसंहिता कार्यान्वयन गर्नु पर्ने ।<br>(च) दरवन्दी वेगर कर्मचारी भर्ना गर्न नहुने ।<br>(छ) स्थानीय तहको सरकारी सामुदायिक तथा सामाजिक सम्पत्तिको संरक्षण गर्नु पर्ने ।<br>(ज) तोकिएको चौमासिकमा कार्यक्रम सम्पन्न गर्न नसकिएको । जसले गर्दा निश्चित उद्देश्य प्राप्तीमा प्रभाव पर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।<br>(झ) कर्मचारी तथा शिक्षकको तलवी प्रतिवेदन पास आंशिक रुपमा भएकोले सबैको तलवी प्रतिवेदन पारित गरी तलव खर्च लेख्नु पर्ने ।<br>(ट) पेश भएको म.ले.प.फा.नं.४७, ५२ र जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत गर्नु पर्ने सामानहरु ३ महिना भित्रमा अनिवार्य रुपमा मर्मत गराई अद्यावधिक रुपमा राख्नु पर्दछ<br>(ठ) आन्तरिक लेखापरीक्षण शाखा स्थापना नभएको ।<br>(ड) मर्मत आदेश, लागत इष्टिमेट, कार्यादेश, खरिद आदेश, दाखिला रिपोर्ट जस्ता कागजात विना हस्ताक्षर श्रेस्ता साथ संलग्न गरेको पाइयो ।<br>(ढ) औषधी खरिदको वोलपत्र वापत के कति वोलपत्र फाराम विक्री भए भन्ने अभिलेख राखेको छैन । ४ वटा दर्ता भएकोमा सो को मात्र विक्री आम्दानी भएको देखिन्छ । अन्य फाराम विक्रीको हिसाव एकिन गरी पालिकाले आम्दानी गर्नु पर्दछ ।<br>(ण) विद्यार्थी भर्ना अभियान शैक्षिक सत्र शुरुमै गर्नु पर्नेमा भाद्र महिनाको विलहरु संलग्न गरी खर्च लेखेकोले उपयुक्त समयमा कार्य गरेको पाइएन ।<br>(त) विविध खर्च वापत लेखिएका विल भर्पाइहरु जस्तै खाजा, चिया, खाना, आदि के कुन प्रयोजनमा खर्च भएका हुन स्पष्ट खुलाई मात्र खर्च गरिनु पर्दछ ।<br>(थ) उपभोक्ता समितिले अत्यधिक मात्रामा दक्ष ज्यामी लगाएको देखाई डोर हाजिरी फाराममा बढी खर्च लेखेको पाइन्छ । वास्तविक ज्यामी खर्च देखाउनु पर्दछ ।<br>(द) कार्यालयले उपभोक्तासंग भएको संझौता रकम नै गोश्वासा भौचरमा वजेट खर्च देखाई कन्टिजेन्सी रकम कट्टि गरेको पाइयो । कन्टिजेन्सी रकम खर्च नै नभएको अवस्थामा पनि वजेट खर्च लेखी पछि खर्च गर्दा विविध डेविट गरेको पाइयो । वास्तविक भुक्तानी रकम र कर, धरौटी मात्र ब.ख.लेखी लेखा सिद्धान्त अनुसार अभिलेखांकन गर्नु पर्दछ ।<br>(ध) उपभोक्त समितिसंग लागत सहभागिता अन्तर्गतका कार्य गर्दा कम्तिमा २० प्रतिशत र सो भन्दा माथि उपभोक्ता समितिले खर्च व्यहोर्ने गरी संझौता गरी काम गराउनु पर्नेमा कुनै पनि योजनामा १० प्रतिशत पनि कार्य उपभोक्ताबाट गरेको पाइएन । यस सम्वन्धमा ध्यान दिनु पर्दछ ।<br>(न) कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । | |
| ९. | **चौमासिक खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ०.११ प्रतिशत, दोश्रो चौमासिकमा ०.९५ प्रतिशत र तेश्रो चौमासिकमा ९८.९३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा ८७.७५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर अत्यधिक खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । | |
| १०. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्लास्तरीय तथा केन्द्रीयस्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । | |
| ११. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको कर्मचारी दरवन्दी ५४ रहे पनि पदपूर्ति ६ मात्र रहेको र १५ पद करारमा कार्यरत रहेका छन् । दरवन्दी अनुसारको स्थायी पदपूर्ति भएको नदेखिंदा यस तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| १२. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानुन वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्नेमा सो को कुनै व्यवस्था गरेको छैन । | |
| १३. | **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १४. | **व्यवसाय, कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । कार्यालयले व्यवसायीहरुको लगत राख्ने, राजस्व असुल गर्ने सम्वन्धमा कुनै कार्यविधि तयार गरेको छैन । नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| १५. | **सवारी कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । नगरपालिकाले सवारीहरुको दर्ता एवं नविकरणबाट हुने आय तर्फ लक्ष्य नतोकिनुको साथै कुनै आय आर्जन गरेको समेत पाइएन । यातायात व्यवस्था कार्यालय र प्रदेश सरकारसंग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| १६. | **न्याय सम्पादन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहका मुद्दा मामिला फछ्र्यौट गर्ने अधिकार नगरपालिकाको नगर उपप्रमुखलाई दिएको छ । यस वर्ष ४० मुद्दा दर्ता भएको मध्ये १ मिलापत्रबाट र ३९ सम्वन्धित निकाय प्रहरी कार्यालय तथा वडा कार्यालयमा कार्यान्वयनको लागि पठाइएको छ । नगरपालिकामा मुद्दा दर्ता, फछ्र्यौट, बाँकी र मेलमिलापको अभिलेख अद्यावधिक राख्नु पर्ने देखियो । | |
| १७. | **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलव्ध गराई सवै पालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले सफ्टवेयर संचालनमा ल्याएको छैन । | |
| १८. | **आन्तरिक श्रोत तर्फ** : आर्थिक वर्ष २०७५।७६ मा नगरपालिकाले आन्तरिक श्रोत रु. १,४६,२९,५२०। आय आर्जन गर्ने अनुमान गरेकोमा रु. ५९ लाख ४२ हजार आर्जन गरी आयको तुलनामा ४०.६१ प्रतिशत मात्र आय आर्जन गरेको पाइयो । मालपोत राजस्व, विविध सिफारिस, दस्तुर, पंजीकरण वापतको राजस्वको लागि विभिन्न १२ वटा वडा कार्यालयहरुले नगरपालिकाबाट आय संकलनको लागि रसिद बुझी लगेको तर वडा कार्यालयहरुले रसिदको अधकट्टी फिर्ता नगरी राजस्व यति उठेको भनी बैक भौचर र वडाको लेटर प्याडमा रकम उल्लेख गरी पठाउने गरेको र नगरपालिकाले यसैलाई आम्दानी मानी आम्दानी बांध्ने गरेको पाइयो । अतः रसिदको अधकट्टी वेगर वडाले उठाएको कर, दस्तुर शुल्क सबै दाखिला भयो भन्ने यकिन गर्न सकिएन । | |
| १९. | **पोखरीको ठेक्का** : - (क) विभिन्न ६ व्यक्तिलाई ६ वटा पोखरी ३ वर्षको लागि ३ किस्तामा भुक्तानी गर्ने गरी ठेक्का दिएकोमा यस आ.व.मा रु. १८,५२,२६०।- आम्दानी भएको देखिन्छ तर मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ बमोजिम ठेक्कामा १३ प्रतिशत मू.अ.कर रु. २,४०,७९३।- असूल गर्नु पर्नेमा सो छुटेकोले असूल गरी दाखिला गर्नु पर्ने रु. | २,४०,७९३।०० |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| २०. | **विशेष भत्ता** - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । केन्द्रीय चालु अनुदानबाट बिभिन्न कर्मचारीलाई जेष्ठ र अषाढको विशेष भत्ता रु. १४,२२,३४९।०० र सञ्चार भत्ता रु. ९,८३,५००।०० भनी जम्मा रु. २४,०५,८४९।०० खर्च लेखेको छ । नेपाल सरकारले तोकेको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधरित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरे भन्दा फरक कार्यमा खर्च लेखेको रकम नियमित देखिएन । | |
| २१. | सशर्त अनुदान तर्फ विभिन्न शिर्षकमा खर्च भै वांकी रहेको बजेट संघीय कोषमा फिर्ता दाखिला हुनु पर्नेमा सो गरेको नपाइएकोले सबै शिर्षकको वांकी विजेट रु.१,१०,१६,८००।०० बेरुजु राजस्व खातामा जम्मा गर्नु पर्ने रु. .. | १,१०,१६,८००।०० |
| | <u>पूंजीगत तर्फ</u> | |
| २२. | आर्थिक कार्यविधि नियमावली,२०६४ वमोनिम प्राप्त अख्तियारी रकम खर्च गर्दा असम्वन्धित क्षेत्रमा खर्च गर्नु हुदैन । साथै गाउँ परिषदबाट खर्च अनुमान र अनुमोदन गर्दा उत्पादनशिल क्षेत्रमा खर्च गर्नेतर्फ ध्यान दिएर मात्र कार्यक्रम तयार गरिनु पर्दछ । नगरपालिकाले गरेका केही खर्चहरु असंवन्धित तथा अनुत्पादिनशिल क्षेत्रभा समेत खर्च गरेको पाईएकोले यस्ता खर्चहरु नियन्त्रण हुनुपर्दछ । यस्ता खर्च रकम अनियमित र असंम्वन्धित दखिएको रु.<br>केहि उदाहरणहरु | ५,०९,५००।०० |

| गो.भौ.र मिति | खर्च विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १८। ०७५।।१२।३ | मिर्चैयामा औद्योगिक मेलालाई सहयोग | २,००,०००। | पालिका बाहेकको क्षेत्र र खर्चको विल नभएको |
| ५६।०७६।१।२९ | विवाह पंचमी मेलामा सहयोग | ३,०९,५००। | मंच बनाउनेको खाना खर्च |
| जम्मा | | ५,०९,५०० । | |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| २३. | ४७।०७६।१।१९ : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ वमोजिम मू.अ. करमा दर्ता भएको विक्रेताले रीतपूर्वकको विजक जारी गर्नुपर्ने व्यवस्था छ । साथै आन्तरिक राजश्व विभागको मिति ०६५।७।१० को परिपत्र अनुसार उक्त विजकमा प्रष्टसंग विजक नंवर प्रिन्ट गरिएको र क्रम संख्या लेख्नुपर्ने गरी उल्लेख गरिएको छ । नगरपालिकाले विपद व्यवस्थापन कार्यका लागि निराजन क्लोथ सेन्टर सिराहासंग रु.४,४१,८०० को ४७० थान कम्मल खरिद गरी सो मूल्यमा रु ५७४३। मू.अ.कर भुक्तानी गरेकोमा निज विक्रेताको ( ३००५३०६४३) मिति ०७६।१।२ को विजक नं. २४ हातले लेखेको पाईएकोले निजले उक्त मू.अ. कर निजको कर विवरणमा समायोजन गरेको छ भन्न नसकिने हुदा निजले सो रकम समायोजन गरेको भए प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. ... | ५७,४३४।०० |
| २४. | ४८। ०७६।१।२९ : निर्माण व्यवसायीसंग भएको संझौता अनुसार गरिएको कार्यमा संझौता भन्दा बढी रकम भुक्तानी दिन नमिल्नेमा नगरपालिकाको वडा नं ८ डुमरीमा माटो पुर्ने कार्यका लागि डिम्पल कन्स्टकशनसंग मु.अ. कर समेत रु.४,३९,८०८।५३ को कार्यसंझौता भएकोमा निजलाई रु.४,४६,५०८। भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम रु. ६,७००। निज निर्माण व्यवसायीबाट असुर गनुपर्ने रु..... | ६७००।०० |
| २५. | ७४। ०७६।३।५ : कार्यक्रमको उद्देश्य अनुसार सामान खरिद गरेपछि संम्वँन्धित कार्यमा प्रयोग गरिनु पर्दछ । नगरपालिकाले विद्यालयका लागि भनी डबल टेवुल समेत ७ किसिम का फर्निचर खरिद गरी रु. ३,९९,९६३। खर्च लेखेकोमा उक्त सामाग्रीहरु हाल लेखापरीक्षण अवधिसम्म पनि विद्यालयमा नवुझाईएको हुदा सो बुझाएको प्रमाण हुनुपर्ने रु....... | ३,९९,९६३।०० |

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>वेरुजु रकम रु</th></tr>
<tr><td>२६.</td><td>नगरपालिकाले यस वर्ष निम्नानुसार सवारी साधनहरु खरिद गरेको पाईयो । संघीय अनुदानबाट विकासजन्य कार्य गर्नका लागि विनियोजित वजेटबाट अर्थ मन्त्रालयको सहमति वेगर उक्त साधन खरिद गरेको पाईन्छ । आ.व. ०७५।७६ मा आन्तरिक आय न्यून भएको अवस्थामा नगरपालिकाबाट यसरी नगरसभाले निर्णय गर्दैमा साधन खरिद गरेको कार्य उपयुक्त मान्न सकिएन । साथै उक्त साधनहरु नगरपालिकाको नाममा नामसारी गरेको समेत पाईएन । त्यसैले सो नामसारी गर्नु पर्ने साथै अर्थ मन्त्रालयको सहमति समेत नभएकोले अनियमित देखिएको रु..
<table>
<tr><th>गो.भौ.र मिति</th><th>सवारी साधन</th><th>मुल्य रु.</th><th>कैफियत</th></tr>
<tr><td>२४१।०७६।३।२६</td><td>महेन्द्र स्करपियो जिप</td><td>४४,३५,०००</td><td>नगरपालिकाको नाममा समेत नआएको</td></tr>
<tr><td>२८८।०७६।३।३१</td><td>ट्रेक्टर र सेफ्टि टैंकि</td><td>१३,१९,३७०</td><td>" " "</td></tr>
<tr><td>१२७।०७६।३।२४</td><td>जे.सि.वी</td><td>४०,२१,०००</td><td>" " "</td></tr>
<tr><td>जम्मा</td><td></td><td>९७,७५,०००</td><td></td></tr>
</table></td><td>९७,७५,३७०।००</td></tr>
<tr><td>२७.</td><td>२४६। ०७६।३।३० : विपद व्यवस्थापन वापत खरिद गरिएका राहत सामाग्री समयमा वितरण गरी लक्षित वर्गलाई तत्काल लाभान्वित गराउने र खर्च लेखिएका विल भरपाई श्रेस्तासाथ संलग्न गरी राख्नु पर्दछ । कार्यालयले रु. १८,९७,५००। खर्च लेखी १७५५ वोरा चामल खरिद गरी वितरण गर्ने भनेकोमा वडा अध्यक्षहरुले बुझेर लगेको प्रमाण मात्र संलग्न रहेकोले पिडितहरुलाई बुझाईएको भर्पाई, मुचुल्का वा तस्वीर कुनै पनि प्रमाण संलग्न नभएकोले सो वितरणको प्रमाण पेश हुनुपर्ने रु....</td><td>१८,७५,५००।००</td></tr>
<tr><td>२८.</td><td>सार्वजनिक खरिद ऐन, २०६३, को दफा ८ मा रु. १ लाखभन्दा बढीका निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सोही अनुसार सार्वजनिक खरिद नियमावलीमा निर्माण कार्य गर्दा वास्तविक लाग्न सक्ने खर्चहरु एकिन गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता संगबाट गरिने कार्यहरुको लागत अनुमान तयार एवं स्वीकृत गरी सोही अनुसार सम्झौता र कार्यान्वयन हुनुपर्ने एवं कार्यालयबाट अनुगमन समेत हुनुपर्ने व्यवस्था छ । यस नगरपालिकाबाट विभिन्न उपभोक्ता समिति मार्फत भएका कार्यमा वास्तविक निर्माण कार्यमा लागेका सामानहरु भन्दा बढी खरिद भएको समेत पाइयो । तसर्थ सम्वन्धित कार्यको नापी किताब एवं कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको परिमाण भन्दा बढी खरिद देखिएको परिमाणको रकम उक्त उपभोक्ता समितिबाट स्वीकृत ल.ई. दर प्रति के.जि. रु.११५।०० ले असुल गर्नुपर्ने रु.......
<table>
<tr><th>गो.भौ.र मिति</th><th>कार्य</th><th>रड खरिद (के.जि.)</th><th>खपत (के.जि.)</th><th>फरक (के.जि.)</th><th>रकम (रु.)</th></tr>
<tr><td>१९०।०७६।३।२५</td><td>वडा नं ३ मा पक्की ढलान</td><td>३८७५</td><td>२६७६</td><td>११९९</td><td>१,३७,८८५</td></tr>
<tr><td>२०२। ,,</td><td>,, ९ पल्टुखेत देखि पुर्वको सडक ढलान</td><td>७५१०</td><td>५१४५</td><td>२३६५</td><td>२,७१,९७५</td></tr>
<tr><td>१०६।०७६।३।२०</td><td>वडा नं ९ मा रमा शंकरको घर पश्चिम देखि ढलान</td><td>५१७५</td><td>३४२४</td><td>१७५१</td><td>२,०१,३६५</td></tr>
<tr><td>११३। ,, ,,</td><td>सडक ढलान</td><td>३३२८</td><td>२१२४</td><td>१२०४</td><td>१,३८,४६०</td></tr>
<tr><td>१२०।०७६।३।२४</td><td>वडा नं ८ मा ढलान कार्य</td><td>५००५</td><td>३४५५</td><td>१५५०</td><td>१,७८,२५०</td></tr>
</table></td><td>१३,३९,४०५।००</td></tr>
</table>

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १३५।०७६।३।२५ | धनिकलाल मण्डल घर पश्चिम सडक ढलान | ३१०० | २७०९ | ३९१ | ४४,९६५ |
| १४४। „ „ | डुमरी चमार टोलदेखि ढलान कार्य | ५०८० | ३५६६ | १५१४ | १,७४,११० |
| ३०२।०७६।३।३१ | वडा नं १ मा बाटो ढलान | ५०५५ | ३३८२ | १६७३ | १,९२,३९५ |
| | जम्मा | | | | १३,३९,४०५ |

२९. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम रु. १ करोड भन्दा घटीको कार्य उपभोक्ताबाट हुने गरी संझौता गर्नुपर्ने व्यवस्था छ । साथै सो कार्य सीमाभित्र मेशिनरी प्रयोग गर्नुपर्ने भएमा प्राविधिकको सिफारिसबाट मात्र प्रयोग गर्न सकिने व्यवस्था छ । कार्यालयले निम्न योजनाहरु खन्ने पुर्ने कार्य Exavator बाट मात्र गराएको विल पेश गरी भुक्तानी भएको पाईन्छ । यसरी नियम विपरित सानो कार्य पनि हेभि मेशिनरीबाट गरेको आधारमा पुरै रकम भुक्तानी भएको पाईएकोले उक्त रकम अनियमित देखिएको रु...... २६,००,०००।००

| गो.भौ.र मिति | कार्य विवरण | रकम (रु.) |
|---|---|---|
| १८१।०७६।३।२५ | सोमन यादवको घरदेखि दक्षिण पोखरी र लटुघर संग सडक र पोखरी मर्मत | १४,००,००० |
| ८४।०७६।३।१० | डुमरी दयाखेतदेखि पोखरीसम्म ग्राभेल कार्य | १२,००,००० |

३०. **अवलोकन भ्रमण** - पूँजीगत तर्फको बजेटबाट ३ वटा अवलोकन भ्रमण गरे बापत रु. ७ लाख खर्च लेखेको छ । विकास कार्यमा उपयोग गरी जनतालाई सेवा सुविधा दिनु पर्ने अवस्थामा चालु तर्फ खर्च गरेको उपयुक्त देखिएन रु. ७,००,०००।००

३१. वित्तीय समानीकरण अन्तर्गत पूंजीगत कार्यक्रममा वांडफांड गरिएको रकम सम्वन्धित कार्यमा खर्च गर्नु पर्दछ । साथै चालु प्रकृतिका खर्च समेत यस कार्यक्रमबाट खर्च गर्न मिल्दैन । अन्य कार्यक्रममा समेत साही प्रकृतिका खर्चहरु भएकोमा त्यस्ता कार्यक्रमसंग दोहोरो पर्न सक्ने गरी खर्च गर्नु हुंदैन । नगरपालिकाले निम्नानुसार रकमहरु विद्यालयमा निजी श्रोतका शिक्षकहरुलाई पारिश्रमिक वापत निकासा दिएको पाइयो । यसरी चालु प्रकृतिका खर्चमा निकासा दिएको शिक्षा तर्फ समेत विद्यार्थी शिक्षक अनुपातमा प्रत्येक विद्यालयललाई निकासा दिएको, ननस्यालरी वापत रकम दिएको अवस्थामा समेत यसरी रकम निकासा दिएको पाइएकोले संघीय अनुदानबाट यस्तो कार्यमा खर्च गर्न मिल्ने नदेखिएको रु. ... ३३,७६,२००।००

| गौ.भौ.नं र मिति | रकम रु. | कैफियत् |
|---|---|---|
| २६, ०७६।१।८ | १५,७४,०००।०० | ११ विद्यालयका २८ शिक्षकलाई |
| ६०, ०७६।१।२९ | ११,१८,२००।०० | ७ विद्यालयका १७ शिक्षकलाई |
| ८१, ०७६।३।१० | ६८४,०००।०० | ११ विद्यालयका २८ शिक्षकलाई |
| | ३३,७६,२००।०० | |

३२. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२)(झ) बमोजिम नगरपालिकाले आधारभूत स्वास्थ्य र सरसफाइ कार्य गर्न नीति तथा मानदण्ड बनाई कार्यान्वयन तथा नियमन गर्नु पर्ने व्यवस्था छ । सो अनुसार नगरपालिकाले सरसफाइका लागि कर्मचारी राखी मासिक रुपमा पारिश्रमिक भुक्तानी गर्नु पर्ने वा कुनै पक्षसंग ठेक्कापट्टाको माध्यमबाट कार्य गराउनु पर्दछ । तर यस नगरपालिकाबाट सरसफाइ काम भनी वडा अध्यक्षलाई रकम भुक्तानी दिने गरेको, के कति रकम कुन स्थानको लागि चाहिने भन्ने लागत अनुमान विना डोर हाजिरी लगायतका कागजातबाट खर्च गर्ने गरेको केहीमा तस्वीर समेत राखी प्रहरी,

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| | केटाकेटी समेत भएको, आफ्नो टोल आफै सफा राखौं भनी र के कुन कार्य सरसफाइ भन्ने नखुलेको हुंदा यस्ता चालु प्रकृतिका खर्चहरु पूंजीगत शिर्षकबाट गरेको पाइएको हुंदा सो खर्च नियमित मान्न सकिएन रु. … | १७,२८,१८२।०० |

| सि.नं | भौ.नं. र मिति | सरसफाइ भएको वडा | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ११, ०७५।११।२७ | वडा नं. ५ | १,०४,५००। | एउटै वडामा एकै पटकको मिति |
| २ | १२, ,, | ,, | १,०४,५००। | ,, ,, |
| ३ | १३, ,, | वडा नं १ | १,२२,२२०। | प्रहरी केटाकेटीले समेत कार्य गरेको |
| ४ | १५, ०७५।१२।१ | १० | १,९३,५४२। | वडा अध्यक्ष लाई भुक्तानी |
| ५ | ,, | ११ | १,९५,५३५। | ,, |
| ६ | १६, ,, | ४ | २,१६,३४०। | ,, र आफै सिफारिस |
| ७ | १७, ,, | ८ | ८१,५१०। | ,, ,, |
| ८ | २२, ०७५।१२।१७ | ३ | १,२१,२२५। | ,, ,, |
| ९ | ३२ ,, | ७ | ९९,३२०। | ,, ,, |
| १० | ४४ ,, | १२ | १,२५,०००। | ,, ,, |
| ११ | ५७ ,, | १० र ११ | १,६२,०००। | ,, ,, |
| १२ | ५८ ,, | ११ | ८४,०००। | ,, ,, |
| १३ | ३५ ०७५।६।२८ | चालु खर्च, वडा नखुलेको | २,००,०००। | स्थान समेत नखुलेको, कार्यालय सहयोगीलाई भुक्तानी |
| | | जम्मा | १७,२८,१८२। | |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| ३३. | भौ.नं.३६, ०७६।१।२९ नेपाल सरकार अर्थ मन्त्रालयको वजेट वर्गीकरण र व्याख्या अनुसार पूंजीगत प्रकृतिको बजेट शिर्षकबाट चालु प्रकृतिका खर्च गर्न नमिल्ने उल्लेख छ । औषधी खरिद चालु प्रकृतिको खर्च भएकोले यस्तो खर्च चालु खर्चकै शिर्षकबाट गर्नु पर्नेमा पूंजीगत शिर्षकबाट खर्च गरेकोले नियमसम्मत नदेखिएको रु. … | ५९,९९,८८१।०० |
| ३४. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम एवं शिक्षा विभागको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ वमोजिम विद्यालयलाई दिएको भौतिक निर्माण तर्फको रकम निर्माण कार्य सम्पन्न पश्चात् सो को कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ । नगरपालिकाबाट यस वर्ष निम्नानुसार विद्यालयलाई गएको निर्माण तर्फको निकासा रकम हालसम्म पनि कार्य सम्पन्न प्रतिवेदन पाप्त नभएको हुंदा कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु. … | ६१,०२,०००।०० |

| भौ.नं. र मिति | विद्यालय | निकासा रु. | विवरण |
|---|---|---|---|
| १८ ०७५।१२।२० | लक्ष्मण मण्डल जनता मा वि | १७,४६,०००। | ४ कोठे भवन |
| | जनता आधारभूत विद्यालय, इटारी | १४,५२,०००। | २ ,, |
| | जनता मा वि | १७,४६,०००। | ४ ,, |
| | आंगचौरी मा वि | ३,२९,०००। | सौचालय |
| | रामदुलारी मा वि | ६,७९,०००। | ,, |
| | आधारभूत वि.कल्याणपुर | ३,५०,०००। | ,, |
| | जम्मा | ६१,०२,०००। | |

**<u>प्रदेश सरकार</u>**

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| ३५. | भौ.नं. १, ०७६।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम रीतपूर्वकको विलभर्पाइ रहे नरहेको जांच गरी लेखा राख्नु पर्दछ । यस नगरपालिकाले पोखरीमा घाट बनाउंदा रु. १५,६७,७२७।०० भुक्तानी गरेकोमा २०७६।२।१ देखि ०७६।२।२२ सम्म डोर हाजिरीमा निम्न व्यक्तिले पारिश्रमिक रकम नबुझेकोले सम्वन्धित व्यक्तिले बुझेको विल भर्पाइ पेश गर्नु पर्ने अन्यथा असूल गर्नु पर्ने रु. | ३६,०००।०० |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

| सि.नं. | नाम | दिन | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | रतन कुमार दास | १५ | ६००।०० | ९,०००।०० |
| २ | विजुली मण्डल (धानुक) | १५ | ६००।०० | ९,०००।०० |
| ३ | मोहित यादव | १५ | ६००।०० | ९,०००।०० |
| ४ | कामेश्वर मुखिया | १५ | ६००।०० | ९,०००।०० |
| | जम्मा | | | ३६,०००।०० |

**स्वास्थ्य**

३६. भौ.नं. ४८, ०७६।३।२० आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम रीतपूर्वकको विलभर्पाइ रहे नरहेको जांच गरी लेखा राख्नु पर्दछ । स्वास्थ्य चौकिमा औषधी, भ्याक्सीन पुर्‍याए वापत निम्न व्यक्तिहरुले बुझेको भर्पाइ पेश नभएकोले बुझेको भर्पाइ पेश गर्नु पर्ने वा असूल गर्नु पर्ने रु. ... ६,०००।००

| सि.नं. | नाम | जम्मा रकम |
|---|---|---|
| १ | अ.हे.व. संजय ठाकुर | ३,०००।०० |
| २ | प्रमोद यादव | ३,०००।०० |
| | जम्मा | ६,०००।०० |

३७. भौ.नं. ६३, ०७६।३।३१ ज्क्ष्क तालिम संचालन गरे वापत हे.अ.हरिमोहन प्रसाद यादव रु. २१,९००। पे.फ. गर्दा निम्न व्यक्तिहरुले बुझेको भर्पाइ पेश नभएकोले बुझेको भर्पाइ पेश गर्ने अन्यथा असूल गर्नु पर्ने रु. ... २,७२०।००

| सि.नं. | नाम | जम्मा रकम |
|---|---|---|
| १ | प्र.प्र.अ. संजय कुमार साह | २,०४०।०० |
| २ | हे.अ. सुमित्रा मिश्र | ६८०।०० |
| | जम्मा | २,७२०।०० |

**पशु**

३८. भौ.नं.३६, ०७६।३।३१ आयकर ऐन, २०५८ को दफा ८८ अनुसार मालसामान, सेवा परामर्श र अन्य सेवाको भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नु पर्नेमा प.स्वा.प्रा.घुरन यादवले पेश्की फछ्र्यौट गर्दा विल नं. ४६ मिति ०७६।३।१५ को सगरमाथा सर्जिकल हाउस, त्रिपुरेश्वरलाई भुक्तानी गर्दा विल रकम रु. १,८५,८५०।०० मा १.५ प्रतिशत कर कट्टि गर्नु पर्नेमा नगरेको रु. २७८७।०० असूल गरी राजस्व दाखिला गर्नु पर्ने रु. ... २,७८७।००

**केन्द्रीय सशर्त अनुदान**

३९. भौ.नं.४,०७६।३।३० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम निर्माण कार्यको विल भर्पाइ, प्राविधिक तथा कार्य सम्पन्न प्रतिवेदन लिएर अन्तिम विलको भुक्तानी गर्नु पर्ने व्यवस्था भएकोमा यस पालिकाले सामुदायिक भवन निर्माण वापत रु. भुक्तानी गरेकोमा कार्यसम्पन्न प्रतिवेदन पेश भए तापनि कार्यालयमा उपलव्ध गराएको फोटोमा घरको पिन्थ लेभलसम्म मात्र निर्माण भएको देखिएकोले पुनः प्राविधिक मूल्यांकन तथा कार्य सम्पन्न प्रतिवेदन वनाई नगर सभाबाट पारित गराई प्रमाण पेश गर्नु पर्ने रु. ... ८,६६,५९८।००

४०. **प्रधानमन्त्री रोजगार कार्यक्रम** : भौ.नं. १३ बाट वडा नं. ४, ७ र १० मा सरसफाइ वृक्षारोपण तथा कुलो निर्माणको लागि खर्च लेखेको तर उक्त दिन वडामा खटाइएका ज्यालादारीहरुको भर्पाइ पेश नभएको देखियो । रोजगार कार्यक्रममा पर्याप्त योजना र मन्त्रालयको स्वीकृति विना नै कार्यक्रम संचालन भएको पाइयो । कार्यक्रमको पुष्ट्याईको रुपमा ज्यालादारीहरुलाई दिएको भर्पाइ मात्र रहेको र वितरण गरेको रकम उल्लेख नभएको पाइयो । यसरी वडानं. ४, ७ र १० मा देखिएको उक्त रोजगार कार्यक्रमको भुक्तानी विल भर्पाइको प्रमाण पेश गर्नु पर्ने रु. ... ६,२०,४००।००

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| | <table><tr><th>वडा नं.</th><th>रकम</th></tr><tr><td>४</td><td>२,७९१८०।००</td></tr><tr><td>७</td><td>७२,३८०।००</td></tr><tr><td>१०</td><td>२६८,८४०।००</td></tr><tr><td>जम्मा</td><td>६२०,४००।००</td></tr></table> | |
| ४१) | **तराइ मधेश संवृद्धि कार्यक्रमम** : भौ.नं. ५ बाट नगरपालिकाको विभिन्न वडाहरुमा वोरिंग जडान सिंचाइको लागि नगरपालिकाको कन्टिन्जेन्सी सहितको रकम रु. २५,००,०००। र उपभोक्त समितिबाट रु. २,१८,४२८। व्यहोर्ने गरी उक्त कार्यक्रम २ चरणमा सम्पन्न भएको देखियो । रु. ६,८०,६८९। र रु. १६,५९,२६९। खर्च गरी भुक्तानी गरेको देखियो । सो को कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन । खर्चको विवरण अन्तर्गत २५ कार्य दिनको डोर हाजिरी बनाई रु. ५,२७,१००। भुक्तानी खर्च देखाएको ज्यालादारीले पायो पाएन भन्ने एकिन नहुनुको साथै काम भएको अवधि पनि उल्लेख गरेको देखिएन । उक्त रकमको भुक्तानीलाई पुष्टि गर्न काम गरेको अवधि, कामदारको प्रमाण र उपभोक्ता समितिको कार्य सम्पन्न प्रतिवेदन सहित पेश गर्नु पर्ने रु. ... | ५,२७,१००।०० |
| | **सामाजिक सुरक्षा** : नगरपालिका अन्तर्गत १२ वटा वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको श्रेस्ता परीक्षण गर्दा निम्नानुसार देखियो : | |
| ४२) | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई वाँकी रहेमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । नगरपालिकाको कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत निकासा भएको जम्मा रु. ७६४,७८,०००।०० मध्ये प्रथम, दोश्रो तथा तेश्रो चौमासिक भत्ता वितरणमा रु. ७,६४,५३,६६६।०० खर्च भै बांकी रहेको रु. २४,३३४।०० कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नभई नगरपालिकाको कोष खातामा मौज्दात रहेको देखियो । उक्त रकम राजस्व बेरुजु खातामा दाखिला गर्नु पर्ने रु. ... | २४,३३४।०० |
| ४३) | सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि, २०७५ को दफा १० बमोजिम भत्ता वितरणको लागि व्यवस्थापन सूचना प्रणाली (MIS) अद्यावधिक गर्नु पर्ने र सो अनुसार विभागमा निकासा माग गरी भत्ता वितरण गर्नु पर्नेमा सो भएको देखिएन । एम आइ एस विवरण तयार नगरी वितरण गरेको रु. ७,६४,५३,६६६।०० खर्च लेखेको उपरोक्त कार्यविधि वमोजिम नियमसम्मत देखिएन । | |
| ४४) | कार्यविधिको दफा १६(क) बमोजिम भत्ता वितरणको प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ता भित्र र तेश्रो चौमासिक जेष्ठको १ गतेवाट दोश्रो हप्ता भित्र भुक्तानी गरिसक्नु पर्ने व्यवस्था छ । वडा कार्यालयबाट भत्ता वितरण गरेको भर्पाइ परीक्षण गर्दा प्रथम, दोश्रो र तेश्रो चौमासिक भत्ता क्रमशः माघको दोश्रो हप्ता, असारको पहिलो हप्ता र आषाढको अन्तिम हप्ता सम्ममा वितरण गरेको पाइएकोले उपरोक्त कार्यविधिको नियम पालना भएको देखिएन । | |
| ४५) | कार्यविधिको दफा २३ बमोजिम बैंक माफर्त भत्ता वितरण गर्नु पर्ने र सो सम्भव नभए दफा २२ बमोजिम नगद वितरणको लागि मन्त्रालयको स्वीकृति लिनु पर्ने उल्लेख छ । नगरपालिकाले सो अनुसार स्वीकृति लिएको छैन । | |

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>वेरुजु रकम रु</th></tr>
<tr><td>४६)</td><td>कार्यविधिको दफा १६(ख) बमोजिम सम्वन्धित व्यक्तिलाई मात्र भत्ता वितरण गर्नु पर्ने वा निजको व्यक्तिगत नाममा बैंकमा खोलिएको सामाजिक सुरक्षा विशेष वचत खातामा उल्लेखित म्याद भित्र जम्मा गरिदिनु पर्ने तर अन्य व्यक्तिलाई बुझाएको पाइएमा वितरण गर्ने र रकम बुझ्ने दुवैलाई प्रचलित कानुन बमोजिम कारवाही हुने उल्लेख छ । वडा नं. १० र १ मा भत्ता वितरण गरेको भर्पाइ परीक्षण गर्दा अन्य व्यक्ति जस्तै छिमेकी, छोरी, नातिनी, बुहारी, भान्जी, छोरा, भदैले हस्ते बुझ्ने गरेको पाइयो ।</td><td></td></tr>
<tr><td>४७)</td><td>व्यवस्थापन सूचना प्रणाली (MIS) मा लाभग्राहीको नाम प्रविष्टि गर्दा नामावली वर्णक्रम अनुसार रहने र सोही बमोजिम भत्ता वितरण गरिने भर्पाइमा नामावली तयार गर्दा नाम नदोहोरिने र सम्वन्धित लाभग्राहीलाई दोहोरो भत्ता वितरण हुने संभावना पनि न्यून हुन्छ । तर भत्ता वितरण गरिएको भर्पाइमा नामावली वर्णक्रम अनुसार उल्लेख भएको नदेखिएकोले भत्ता वितरण दोहोरिएको छैन भनी एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>४८)</td><td>वडा नं. १० का लाभग्राही वि. सहिदा खातुन (ना.प्र.प.नं.३४२०, ०४५।२।८) को जन्म २००९ साल मात्र उल्लेख भएको, तर निजको नाममा ३ वटै चौमासिक भत्ता वितरण भर्पाइमा ८।८ हजार भुक्तानी गरेको देखाइएको छ । निज ७० वर्ष उमेर पूरा भै नसकेकोले उपचार खर्च वितरण गर्न नमिल्नेमा खर्च देखाएकोले असूल गर्नु पर्ने रु -</td><td>१२,०००।००</td></tr>
<tr><td>४९)</td><td>वडा नं. १० ले निम्न ५ वालवलिकाको नाममा थप गरी (सि.नं.१५८ देखि १६२) दोश्रो र तेश्रो वालपोषण वितरण भर्पाइमा रु. १६०० का दरले ८।८ हजार गरी रु. १६,०००।०० खर्च देखाएको छ । सो भर्पाइ विवरणमा परिचयपत्र नं. उल्लेख नगरी नाम मात्रको आधारमा वितरण गरेको देखाएकोले परिचयपत्र वितरण गरेको देखिएन । यसरी सिधै खर्च लेखेको प्रक्रियासम्मत नदेखिएको रु. ...
<table>
<tr><th>सि.नं.</th><th>नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>छाया पासवान</td><td>१६००।</td></tr>
<tr><td>२</td><td>अनुस कुमारी पासवान</td><td>१६००।</td></tr>
<tr><td>३</td><td>स्याहानी पासवान</td><td>१६००।</td></tr>
<tr><td>४</td><td>रितिक कुमार महरा</td><td>१६००।</td></tr>
<tr><td>५</td><td>आनन्द कुमार महरा</td><td>१६००।</td></tr>
</table></td><td>१६,०००।००</td></tr>
<tr><td>५०)</td><td>वडा नं. १० मा तेश्रो वालपोषण भत्ता वितरण भर्पाइमा निम्न ४ वालवालिकाको नाममा ५ वर्ष उमेर नाघिसक्दा पनि भत्ता वितरण गरेको देखाई खर्च लेखेकोले असूल गर्नु पर्ने रु....
<table>
<tr><th>संकेत.नं.</th><th>नाम</th><th>५ वर्ष पूरा हुने मिति</th><th>रकम</th></tr>
<tr><td>९१</td><td>दिप कुमार पासवान</td><td>०७६।१।६</td><td>१२००।</td></tr>
<tr><td>१०८</td><td>रितु पासवान</td><td>०७६।१।७</td><td>१२००।</td></tr>
<tr><td>१११</td><td>खुश्बु कुमारी पासवान</td><td>०७५।१२।२</td><td>१६००।</td></tr>
<tr><td>१४४</td><td>रोहन पासवान</td><td>०७५।१२।२५</td><td>१२००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५२००।</td></tr>
</table></td><td>५,२००।००</td></tr>
<tr><td>५१)</td><td>वडा नं. ३ ले पहिलो चौमासिक भत्ता वितरण गर्दा दलित जेष्ठ ना. पारो चपार (जन्म २००५) लाई रु. ८०००। दिएको देखाइएको छ । निर्देशिका अनुसार जन्म मितिको साल मात्र उल्लेख हुंदा महिनाको सम्वन्धमा चैत्र मानिने र सोही अनुसार दोश्रो र तेश्रो चौमासिक भत्ता वितरणमा संशोधन गरी रु. ४।४ हजार मात्र दिएको छ । तसर्थ प्रथम चौमासिकमा बढी भुक्तानी भएको रु. ४०००। असूल गर्नु पर्ने रु. ...</td><td>४,०००।००</td></tr>
</table>

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| ५२) | निर्देशिकाको दफा ५ अनुसार भत्ता पाउने शुरु मितिको गणना जेष्ठ नागरिकको हकमा उमेर पुगेको आगामी चौमासिक देखि हुने उल्लेख छ । प.प.नं.१६०६९९१८५ जे.ना.सोनाइ सुडी मण्डलको जन्म मिति २००५।४।६ भएकोले निजको उमेर २०७५।४।५ मा ७० वर्ष पूरा हुने र ०७५ मंसिरदेखि मात्र भत्ता पाउने भएकोले प्रथम चौमासिकमै निजको नाममा भुक्तानी देखाएको रु. ८०००। असूल गर्नु पर्ने रु. ... | ८,०००।०० |
| ५३) | **पेश्की** : आथिंक कायंविधि नियमावली, २०६४ को नियम ७९(१) अनुसार सरकारी रकम पेश्की लिने कमंचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नु पर्ने र नगरेमा वांकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतका दरले व्याज लगाइं असूल गर्नुपर्ने व्यवस्था छ । सवइन्जिनियर. छेदि साफीलाई दिएको पेश्की रकम फछ्र्यौट भएको नपाइएको साथै हाल निज सेवा छाडेर गएको समेत पाइएकोले उक्त पेश्की सुद समेत असूल गर्नु पर्ने र. ... | १,००,०००।०० |
| ५४) | **फिल्ड निरीक्षण** : नगरपालिकाबाट भए गरेका कार्यक्रम एवं योजना वारे मिति ०७६।९।४ मा उपमेयर समेतको संलग्नतामा ४ वटा योजनाको निरीक्षण गर्दा वडा नं. ११ मा हाल नगरपालिका रहेको स्थानमा गत वर्ष रु. १० लाख खर्च गरी एक तला ढलान गरिएको कार्यालय भवन त्यही अवस्थामा यस आ.व.मा कुनै कार्य नभै अलपत्र रहेको पाइयो । यसरी भवन निर्माण अलपत्र रहनु तर कार्यालय भाडामा लिई अन्यत्र रहनु उचित देखिएन । त्यस्तै वडा नं. ४ मा महुलियादेखि नदीसम्मको सडक माटो ग्राभेल कार्य सम्पन्न भएको भनी भुक्तानी भएकोमा ग्राभेल कार्य अधूरो रहेको, बजेट नपुग भै कार्य हुन नसकेको जवाफ प्राप्त भयो । माटो कटिंग र फिलिंग कार्य थप गर्नु परेको र नदीले कटान गरेको हुंदा ग्राभेल गर्न नसकेको भन्ने भनाइ रहेको छ । | |
| ५५) | **अनुगमन तथा मूल्याङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : | |

| गत वर्षसम्मको बेरुजु रकम (**A**) | यो वर्ष फछ्र्यौट (**B**) | बाँकी (**C= A-B**) |
|---|---|---|
| ७२,३०२,०००।०० | १९००६,०७२।४९ | ५३२९५,९२७।५१ |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| ५६) | उपरोक्त फछ्र्यौट रकम मध्ये सामाजिक सुरक्षा भत्ता तर्फको आ.व. २०७४।७५ को पेश्की बांकी रु. ६१,३८,८००। सम्परीक्षण गर्दा निम्नानुसार देखियो :<br>(क) भौ.नं.१, ०७५।१०।२१ बाट रु. ३१,९१,६००।०० पेश्की फछ्र्यौट गर्दा संलग्न गरेको भर्पाइमा वडा नं. १२ मा तेश्रो चौमासिक भत्ता वितरण गरेको रु.२९,४५,६००। र दोश्रो चौमासिकमा छुट भएको रु.७६,८००। समेत जम्मा रु. ३०,२२,४००। वितरण भएको र रु. १,६९,२००। बेरुजु खातामा दाखिला गरेको पेश हुन आएको छ । दोश्रो छुट भनी ५ वर्गका लाभग्राहीलाई तेश्रोमा थप गरी भुक्तानी गरेको मध्ये ३५ दिन भित्र जन्मदर्ता गराएका वालवालिकाहरुलाई प्रति वालवालिका रु. १०००। का दरले २० जनाको रु. २०,०००। वितरण गरेको तर दोश्रोमा पनि सोही २० जना वालवालिकालाई (नाम, जन्ममिति अविभावक एउटै) वितरण गरेको देखिएकोले दोहोरो वितरण खर्च लेखेको र प.प.नं.३१७ एकल महिला माकिमा खातुन (जन्म २०२१) लाई दोश्रो छुट भनी रु. ४ हजार दिएको खर्च देखाएकोमा दोश्रो वितरण भर्पाइ परीक्षण गर्दा सि.नं.१५६ मा दिएको पाइएकोले दोहोरो भुक्तानी खर्च लेखेको समेत जम्मा रु. २४,०००।०० असूल गर्नु पर्ने रु. ... | २४,०००।०० |
| ५७) | **अद्यावधिक बेरुजु स्थिति** : नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी रु. (**C**) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (**D**) | यो वर्षको कायम बेरुजु रु. (**E**) | बाँकी ( **C+D+E**) |
|---|---|---|---|
| ५३२९५,९२७।५१ | २४,०००।०० | ४७९५८८६७।०० | १०१,२७८,७९४।५१ |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण बेरुजु असुल फछ्र्यौट गरिनु पर्दछ ।

अनुसूची १

## कल्याणपुर नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
### आथिंक वषं २०७५।७६

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा स)ख्या | | | दफा स)ख्या | | | दफा स)ख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| | सिरहा | कल्याणपुर न.पा. | २७ | ३० | ४७९५६ | - | - | - | २७ | ३० | ४७९५९ | १७१६ | २४७०५ | २१५३८ | - | - | ४६२४३ | - | - | - |

अनुसूची- २

## कल्याणपुर नगरपालिकाको सञ्चित कोष विवरण
### आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

| क. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| ६ | कल्याणपुर न.पा. | सिरहा | ७९७८२ | २८६१९७ | ७९६६० | ८६८०३ | ४५२६६० | २८४५७४ | १५६६०६ | १९४७ | ४४३१२७ | ८९३१५ |

अनुसूची- ३

## कल्याणपुर नगरपालिकाको अद्यावधिक बेरुजु स्थिति
### आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

| क. सं. | स्थानीय तह | जिल्ला | गत वर्षसम्मको बांकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.बाट कायम भएको बेरुजु | यो वर्षको बेरुजु | कुल बांकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १. | कल्याणपुर न.पा. | सिरहा | ७२३०२ | १९००६ | ५३२९६ | २४ | ४७९५९ | १०१२७९ |